# तातो हावाको लहर "लू" (Heat Wave) बाट बच्ने उपाय सम्बन्धी जोखिम न्यूनीकरण तथा प्रतिकार्य कार्ययोजना

# २०८१


नेपाल सरकार

**गृह मन्त्रालय**

**राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण**

सिंहदरबार, काठमाडौं

# तातो हावाको लहर "लू" (Heat Wave) बाट बच्ने उपाय सम्बन्धी जोखिम न्यूनीकरण तथा प्रतिकार्य कार्ययोजना

# २०८१

नेपाल सरकार
**गृह मन्त्रालय**
**राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण**
सिंहदरबार, काठमाडौं

# तातो हावाको लहर “लू” (Heat Wave) बाट बच्ने उपाय सम्बन्धी जोखिम न्यूनीकरण तथा प्रतिकार्य कार्ययोजना

| क्र.सं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|
| १ | जल तथा मौसम विभागबाट लू सम्बन्धी जारी हुने सूचना पालिकासम्म प्रवाह हुने व्यवस्था गर्ने | जल तथा मौसम विभाग | नेपाल टेलिकम |
| २ | लू को अवस्था, त्यसबाट हुने प्रभाव र बच्ने उपायका सम्बन्धमा जिल्लास्तरमा विपद् संवाद गर्ने | जिल्ला विपद् व्यवस्थापन समिति | स्थानीय तह |
| ३ | लू बाट बच्ने उपाय सम्बन्धी स्थानीय भाषामा प्रचारप्रसार गर्ने (पर्चा, पम्पलेट, माइकिङ्ग, समाजिक सञ्जाल, रेडियो, टेलिभिजन, SMS लगायत) | विज्ञापन बोर्ड, स्थानीय तह, सञ्चारगृह | जिल्ला विपद् व्यवस्थापन समिति |
| ४ | शहरी क्षेत्रका विभिन्न स्थानमा हेल्थ डेस्क सहित पाल, टेण्ट राख्ने र पानी, जीवनजल, सर्वत वितरणको व्यवस्था मिलाउने | तीन वटै सुरक्षा निकाय, स्थानीय तह, स्वास्थ्य कार्यालय | निजी क्षेत्र, सहयोगी संस्था |
| ५ | लू बाट कुनै घटना भएको अवस्थाबारे जानकारी हुने वित्तिकै औषधि स्वाथ्यकर्मी सहितको टोली परिचालन गर्ने गरी सम्बन्धित स्थानीय तहमा एक्सन टिम तयारी गर्ने | स्थानीय तह, स्वास्थ्य कार्यालय | जिल्ला विपद् व्यवस्थापन समिति |
| ६ | प्राथमिक उपचारका लागि स्थानीय स्वास्थ्य संस्थाहरु तयारी अवस्थामा राख्ने | स्थानीय तह, स्वास्थ्य कार्यालय | जिल्ला विपद् व्यवस्थापन समिति |
| ७ | लू को अवस्था हेरी शैक्षिक संस्थाहरुको पठनपाठनको समय निर्धारण गर्ने वा शैक्षिक संस्था बन्द गर्ने | जिल्ला शिक्षा तथा समन्वय इकाई, स्थानीय तह | जिल्ला विपद् व्यवस्थापन समिति |

| क्र.सं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|
| ८ | लू को अवस्था हेरी हाट बजार, मेला महोत्सव लगायत भिडभाडजन्य क्रियाकलाप निरूत्साहित गर्ने | स्थानीय तह र जिल्ला सुरक्षा समिति | जिल्ला विपद् व्यवस्थापन समिति |
| ९ | सार्वजनिक सेवा प्रवाह गर्ने निकायहरुले कार्यस्थलमा सेवाग्राहीहरुलाई शीतल प्रतिक्षालय, चिसो पानी, पंखा लगायत सुविधा उपलब्ध गराउने | सेवा प्रवाह गर्ने सम्बन्धित निकाय | जिल्ला विपद् व्यवस्थापन समिति |
| १० | विद्युत आपूर्तिलाई नियमित गराउने | नेपाल विद्युत प्राधिकरण | जिल्ला प्रशासन कार्यालय |
| ११ | औद्योगिक प्रतिष्ठान तथा कलकारखानाहरुमा कामदार एवं श्रमिकहरुलाई तातोबाट बच्न उपयुक्त वातावरण बनाउने (जस्तापातामा सेतो पेन्ट (Ceramic White Paint) लगाउने, पंखा, पिउने पानी, भेन्टिलेसन, विश्राम समय र आकस्मिक प्राथमिक उपचारको व्यवस्था गर्ने), | सम्बन्धित प्रतिष्ठान तथा कलकारखाना | जिल्ला विपद् व्यवस्थापन समिति |
| १२ | औद्योगिक प्रतिष्ठान तथा कलकारखानाहरुमा कामदार एवं श्रमिक, मजदुर, किसानहरुलाई तातो हावाको लहरबाट हुन सक्ने जोखिम न्यूनीकरणका लागि स्वास्थ्य वीमा गर्ने, गराउने | औद्योगिक प्रतिष्ठान र स्थानीय तह | जिल्ला विपद् व्यवस्थापन समिति |
| १३ | लक्षित वर्गको पहिचान गरी जीवनजल, पानी, पंखा लगायत सहयोगी सामग्रीहरु वितरण गर्ने | स्थानीय तह | विभिन्न संघ संस्थाहरु |

| क्र.सं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|
| १४ | घरभित्रको तापक्रम कम गर्ने उपायहरु अवलम्बन गर्ने गराउने जस्तैः<br>• जस्तापातामा सेतो पेन्ट (Ceramic White Paint) लगाउने<br>• स्थानीय सामग्री (जस्तैः जुटको बोराभित्र भुस) उपयोग गरी फल्स सिलिङ्ग राख्ने<br>• भेन्टिलेसनको आकार बढाउने<br>• छतलाई चिसो बनाउने उपाय अवलम्बन गर्ने | सम्बन्धित घरधनी, स्थानीय तह | जिल्ला विपद् व्यवस्थापन समिति |
| १५ | स्थानीय सार्वजनिक यातायातहरुमा सिट क्षमता अनुसार मात्र यात्रु राख्ने र पंखाको व्यवस्था मिलाउने | यातायात व्यवसायीहरु | ट्राफिक प्रहरी |
| १६ | लू बाट बच्न श्रमिक, किसान मजदुर लगायत दैनिक ज्यालादारीमा काम गर्ने कामदारहरुलाई बिहान बेलुकामात्र काम गर्ने वातावरण मिलाउने | निर्माण व्यवसायी, औद्योगिक प्रतिष्ठान, स्थानीय तह | जिल्ला विपद् व्यवस्थापन समिति |
| १७ | लू सम्बन्धी ज्ञान भएका स्वयंसेवकलाई प्रचारप्रसार एवं उपचारमा परिचालन गर्ने | स्थानीय तह | जिल्ला विपद् व्यवस्थापन समिति |

नेपाल सरकार
**गृह मन्त्रालय**
**राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण**
सिंहदरबार, काठमाडौं